# भीरकोट नगरपालिकाको कार्यालय
# OFFICE OF THE BHEERKOT MUNICIPALITY

वयरघारी, स्याङ्जा
Wayarghari, Syangja
स्थापित : २०७२
(Estd : 2072)

गण्डकी अञ्चल, नेपाल
Gandaki zone, Nepal

पत्र संख्या/Letter No. : 073/074
चलानी नं./Ref. No. : 1666

मिति (Date): 2073/09/25

**विषय : जग्गा उपलब्ध गराउने सम्वन्धि सार्वजनिक सुचना ।**
**प्रथम पटक प्रकाशन मिति २०७३।९।२५गते**

श्री

प्रस्तुत विषयमा भीरकोट नगरपालिका कार्यालयको लागि स्थायी भौतिक संरचना भवन निर्माण गर्नका लागी जग्गा आवश्यक भएकोले तपसिलका शर्तहरुको अधिनमा रही निःशुल्क रुपमा जग्गा उपलब्ध गराउन चाहने व्यक्ति(हरु)ले आफनो नाममा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि समेत संलग्न राखी यो सुचना प्रकासित भएको मितिले एक महिना भित्र भीरकोट नगरपालिकाको कार्यालयमा निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सार्वजनिक सुचना प्रकाशित गरीएको छ ।

तपसील

१. सरकारी मापदण्ड बमोजिमको भवन निर्माण गर्न पुग्ने गरी भीरकोट न.पा.को वडा न. १ मा पर्ने कम्तिमा ५ रोपनी क्षेत्रफल भएको जग्गा कार्यालयलाई आवश्यक पर्ने भएकाले एकै स्थानमा एउटै प्लट भएको जग्गा उपलब्ध गराउने कुरा उल्लेख भएको हुनुपर्नेछ ।
२. १ वा १ भन्दा बढी व्यक्तिहरु मिलि जग्गा उपलब्ध गराउन सकिनेछ । साथै जग्गा निःशुल्क रुपमा उपलब्ध गराउने कुरा उल्लेख भएको हुनु पर्नेछ ।
३. भीरकोट न.पा. वडा नं. १ सिद्धार्थ राजमार्गबाट दाँयाबाँया करिब ५०० मी. भित्र, आँधिखोला किनारबाट करिब २०० मी. टाढा सम्म र हाईटेन्सन लाइनबाट दाँया बाँया ५० मी टाढा रहेको जग्गा हुनुपर्नेछ ।
४. नगरपालिकाको कार्यालयका लागि निःशुल्क जग्गा प्राप्त हुने निश्चित भएपछि उक्त संरचना सम्म आवश्यक यातायातको सुविधा, विजुली बत्ती, ढल निकास, खानेपानी व्यवस्था नगरपालिकाले नै गर्नेछ ।
५. जग्गा उपलब्ध गराउने जग्गादातालाई नगरपालिकाले उचित सम्मान गर्नेछ ।
६. कार्यालयको हितलाई दृष्टिगत गरी जग्गा स्विकार गर्ने नगर्ने निर्णय गर्ने सर्वाधिकार भीरकोट नगरपालिकाको कार्यालयलाई हुनेछ ।
७. नगरपालिकालाई जग्गा उपलब्धत्र गराई सके पश्चात बाँकी रहेको जग्गा जग्गाधनीले टुक्रा बनाई घडेरीको रुपमा बेच्न सक्ने छन् त्यसको लागि आवश्यक पर्ने सिफारिस अनुमतिको निशुल्क व्यवस्था नगरपालिकाले मिलाउने छ ।

फणिश्वर सुवेदी
कार्यकारी अधिकृत